# विश्वव्यापी आवधिक समीक्षा

## *Universal Periodic Review (UPR)*


राष्ट्रिय मानव अधिकार आयोग

हरिहर भवन, ललितपुर, नेपाल

२०७६

# आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय अनूप राज शर्मा

**सदस्यहरू**

माननीय प्रकाश वस्ती

माननीय सुदिप पाठक

माननीय मोहना अन्सारी

मानीय गोविन्द शर्मा पौड्याल

**सचिव**

वेदप्रसाद भट्टराई

**लेखन तथा संयोजन**
मुरारीप्रसाद खरेल, निर्देशक
नवराज सापकोटा, निर्देशक
प्रेमबहादुर थापा, परियोजना व्यवस्थापक, ECNHRC

**प्रकाशकः** राष्ट्रिय मानव अधिकार आयोग
हरिहर भवन, ललितपुर, नेपाल
**प्रकाशन सहयोगः** ECNHRC परियोजना

**प्रकाशन मितिः** २०७६, साउन
**प्रकाशन प्रति**ः १०००

**लेआउट तथा डिजाइन**
पवन भण्डारी

**सर्वाधिकार :** राष्ट्रिय मानव अधिकार आयोग

*आयोगको पूर्व-स्वीकृतिविना यस पुस्तक पुर्नउत्पादन एवम्र मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुर्न पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरु साभार गरी प्रयोगमा ल्याउन भने सकिने छ ।*

# विश्वव्यापी आवधिक समीक्षा
# Universal Periodic Review (UPR)

## १. परिचय :

संयुक्त राष्ट्रसंघको स्थापनापश्चात मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्नको लागि संयुक्त राष्ट्रसंघको महासभाले मानव अधिकार कानून र सो सम्वन्धी विभिन्न प्रकारका संयन्त्रहरूको विकास गर्दै आइरहेको छ । राष्ट्रसंघका सदस्य राष्ट्रहरूलाई वढि जिम्वेवार र उत्तरदायी वनाउने एवं मानव अधिकार प्रतिको प्रतिवद्धताहरूको पालना गराउने उद्देश्यका साथ संयुक्त राष्ट्रसंघको २००७ मार्च १५ (तदनुसार वि.सं. २०६२ चैत्र २ गते) को महासभाको प्रस्तावना नं. ६०/२५१ मार्फत मानव अधिकार परिषदको स्थापना संगै नयाँ मानव अधिकार संयन्त्रको रूपमा विश्वव्यापी आवधिक समीक्षा Universal Periodic Review (UPR) को व्यवस्था गरिएको हो । यसरी स्थापित संयन्त्रलाई मानव अधिकार परिषदको १८ जून २००७ (२०६४ आषाढ ४) गतेको प्रस्ताव नं. ५/१ ले अझ वढि विस्तृत पारेको छ ।

सुरूको चरणका UPR समीक्षामा संयुक्त राष्ट्रसंघका १९२ वटा सदस्य राष्ट्रहरूको आवधिक रूपमा (प्रत्येक चार वर्षमा) मानव अधिकार प्रतिको उत्तरदायित्व, प्रतिवद्धता र चुनौतीका साथै यी राष्ट्रहरूले मानव अधिकारको क्षेत्रमा गरेका प्रगति र सुधारका निम्ति गरिनुपर्ने आवश्यक पहलहरूको समेत पुनरावलोकन गरिन्थ्यो । हाल सदस्य राष्ट्रहरूको संख्या बढेर १९३ पुगेको छ । अब हरेक राष्ट्रहरूको समीक्षा प्रत्येक ४.५ बर्षहरूमा हुने गर्दछ । विश्वव्यापी मानव अधिकार समीक्षा (UPR) मार्फत मानव अधिकार परिषदमा प्रत्येक सदस्य राष्ट्रले मानव अधिकार प्रति व्यक्त गरेका प्रतिवद्धता र उत्तरदायित्वहरूको पालना गरेको छ कि छैन भनी वस्तुपरक र विश्वसनीय

सुचनाहरूका आधारमा समीक्षा हुने गर्दछ ।

UPR समीक्षा हुने सम्वन्धित राष्ट्रको पूर्ण संलग्नतामा र सो राष्ट्रको क्षमता अभिबृद्धिको आवश्यकतालाई समेत मध्यनजर राख्दै अर्न्तक्रियात्मक सम्वादमा आधारित एक सहयोगी संयन्त्र हो । UPR ले मानव अधिकार सम्वन्धी विभिन्न महासन्धि तथा सन्धिहरूको पक्ष राष्ट्रको हैसियतले सन्धिजनित निकायहरूमा विभिन्न सन्धि अर्न्तगत आवधिक रूपमा पेश गुर्न पर्ने राष्ट्रिय प्रतिवेदनहरूको विस्थापन गर्ने नभई पुरकको रूपमा काम गर्दछ ।

## २. विश्वव्यापी आवधिक समीक्षाका आवश्यकता आधारहरू :

कुनै पनि राष्ट्रको समीक्षाको आधारको रूपमा संयुक्त राष्ट्रसंघको बडापत्र, मानव अधिकारको विश्वव्यापी घोषणापत्र, सम्वन्धित राष्ट्रले अनुमोदन गरेका मानव अधिकार सम्वन्धी दस्तावेजहरू, मानव अधिकार परिषदका उच्चस्तरीय बैठकहरूमा दिइूएका मन्तव्यहरू, राज्यद्वारा व्यक्त गरिएका स्वेच्छिक प्रतिवद्धताहरू र सम्वन्धित राष्ट्रको हकमा प्रयोगमा आउन सक्ने अन्तराष्ट्रिय मानवीय कानूनहरू रहेका हुन्छन् ।

## ३. विश्वव्यापी आवधिक समीक्षा (UPR) को विश्वव्यापकता

- संयुक्त राष्ट्रसंघका हरेक सदस्य राष्ट्रहरूलाई समीक्षाको लागि पालैपालो छानिन्छ । जसले गर्दा हरेक सदस्य राष्ट्रको प्रत्येक ४.५ वर्षमा अनिवार्य रूपमा समीक्षा हुन्छ,
- सम्वन्धित राष्ट्रको राज्य पक्ष भएका सन्धिहरूको सन्धिजनित निकायमा पेश गर्नु पर्ने आवधिक प्रतिवेदनहरू समयमा नवुझाई एकैपल्ट पेश गर्न सकिन्छ तर विश्वव्यापी आवधिक समीक्षामा सो अवसर प्राप्त हुदैन,
- मानव अधिकार परिषदका सदस्य राष्ट्रहरू र पर्यवक्षेक राष्ट्रहरूको समेत UPR प्रक्रियामा सहभागी हुन्छ,
- विश्वव्यापी आवधिक समीक्षा (UPR) अर्न्तगत समीक्षाको लागि

राष्ट्रहरूको छनौटमा भौगोलिक आधारलाई समेत ख्याल गरिएको हुन्छ।

## ४. विश्वव्यापी आवधिक समीक्षाका (UPR) को उद्देश्य :

- सवै प्रकारका असमानता र भेदभावको अन्त्य गर्ने,
- सबै राष्ट्रहरूका मानव अधिकारको अवस्थामा समान रूपमा अभिवृद्धि गर्ने,
- सदस्य राष्ट्रहरूका सरकारलाई मानव अधिकार प्रतिको उत्तरदायीत्व र प्रतिवद्धताहरूको पालनाको लागि दवाव सिर्जना गर्ने र राज्यहरूको क्षमता अभिवृद्धि गर्ने,
- राष्ट्रहरूले गरेका सकारात्मक विकास र भोग्नुपरेका समस्याहरूको समीक्षा गर्ने,
- राष्ट्रहरू र सरोकारवालाहरू बीच भएका राम्रा प्रयासहरूको अनुभवको आदानप्रदान गर्ने,
- मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा समन्वय र सहकार्यको लागि सहयोग गर्ने ।

## ५. यू.पी.आर. का चरणगत प्रक्रियाहरू :

हरेक समीक्षा हुने राष्ट्रहरूले UPR का प्रक्रियामा संलग्न हुँदा निम्न बमोजिमका चरणहरू पूरा गर्नु पर्दछ ।

### (क) अभिलेखीकरण

समीक्षा हुने राष्ट्रको लागि अभिलेखिकरण प्रथम चरण हो । यस अन्तर्गत सम्वन्धित राष्ट्रको तीन वटा दस्तावेजहरूमा रहेको जानकारीको आधारमा समीक्षा हुन्छ ।

#### (१) राष्ट्रिय प्रतिवेदन

मानव अधिकार परिषदमा समीक्षा हुने राष्ट्रले आफ्नो पालोमा राष्ट्रको तर्फबाट एक राष्ट्रिय प्रतिवेदन पेश गर्नु पर्दछ । नागरिक समाज,

मानव अधिकार सम्वन्धी राष्ट्रिय संयन्त्रहरू, मानव अधिकार क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी एवं व्यावसायिक संघ संगठनहरू, राज्यका विभिन्न अङ्गहरू आदी सँग व्यापक रूपमा छलफल गरी राज्यले राष्ट्रिय प्रतिवेदन तयार गर्नु पर्ने हुन्छ । राष्ट्रिय प्रतिवेदनमा सवै प्रकारका मानव अधिकारहरू समाविष्ट भएको हुनु पर्दछ । राष्ट्रिय प्रतिवेदन बढिमा १०,७०० शब्दहरू (२० पृष्ठ) को हुन्छ । UPR को Working Group Session शुरू हुनु भन्दा १३ हप्ता अगाडि सम्वन्धित निकायमा राष्ट्रिय प्रतिवेदन पेश गरिनु पर्दछ ।

**(२) उच्चायुक्तको कार्यालयद्वारा तयार पारिएको संयुक्त राष्ट्रसंघीय सँगालो :**

सन्धिजनित निकायहरूमा सम्वन्धित समीक्षा हुने राष्ट्रले पेश गरेका विभिन्न आवधिक प्रतिवेदनहरू, विशेष कार्यादेशबाहक र संयुक्त राष्ट्रसंघका अन्य सम्वद्ध आधिकारिक दस्तावेजहरूमा संलग्न गरिएका जानकारीहरूको आधारमा संयुक्त राष्ट्रसंघ मानव अधिकार उच्चायुक्तको कार्यालयले वढिमा १० पेजमा (५३५० शब्दहरूमा) तयार पारेको एक प्रतिवेदन ।

**३) उच्चायुक्तको कार्यालयद्वारा तयार परिएको सरोकारवालाहरूको प्रतिवेदनहरूमा आधारित सँगालो :**

समीक्षाहुने राष्ट्रका सरोकारवाला पक्षहरू मानव अधिकार सम्वन्धि राष्ट्रिय संयन्त्रहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरू एवं नागरिक समाजका प्रतिनिधिहरूले पनि राज्यको मानव अधिकारको अवस्थावारे संयूक्त राष्ट्रसंघिय मानव अधिकार उच्चायूक्तको कार्यालयमा पेश गरेका प्रतिवेदनहरूको आधारमा उच्चायुक्तको कार्यालयले वढिमा १० पेजमा (५३५० शव्दहरूमा) तयार पारेको एक प्रतिवेदन ।

**(ख) अन्तर्क्रियात्मक संवाद :**

विश्वव्यापी आवधिक समीक्षाका चरणहरूमध्ये यो चरण महत्वपूर्ण हो ।

माथि उल्लेख गरिएका ३ वटा प्रतिवेदनहरूको सम्वन्धमा विश्वव्यापी आवधिक समीक्षा सम्वन्धी कार्य समूहमा राज्यहरूको समीक्षा गर्ने गरिन्छ । मानव अधिकार परिषदका अध्यक्षको अध्यक्षतामा परिषदका ४७ वटा सदस्य राष्ट्रहरू एवं पर्यवेक्षहरू राष्ट्रहरूको उपस्थितिमा यो प्रक्रिया सम्पन्न हुन्छ । मानव अधिकार परिषदको हरेक बर्ष दुई हप्ताको तीन वटा सत्रहरू सम्पन्न हुन्छन । हरेक सत्रमा १६ वटा गरी ४८ बटा राष्ट्रहरूको एक वर्षमा समीक्षा हुन्छ । यस चरणमा समीक्षा हुने राज्य र परिषदका सदस्य तथा पर्यवेक्षक राष्ट्रहरको बीचमा ३.५ घण्टाको अर्न्तक्रियात्मक सम्वाद हुन्छ । ३.५ घण्टा मध्ये १४० मिनेटको समय परिषदका सदस्य तथा पर्यवेक्षक राष्ट्रहरूलाई समीक्षा हुने राष्ट्रसँग प्रश्न तथा सिफारिसहरू गर्नको लागि छुट्टाइएको हुन्छ भने बाँकि ७० मिनेटको समय समीक्षा हुने राष्ट्रलाई सम्वादको क्रममा उठेका प्रश्नहरू एवं सिफारिसहरूको जवाफ दिन, आफ्नो प्रतिवेदन प्रस्तुत गर्न र अन्त्यमा निष्कर्षहरू राख्नको लागि छुट्टाइएको हुन्छ ।

समीक्षा हुने राष्ट्रको समीक्षाको चरणलाई सहजीकरण गर्नको लागि मानव अधिकार परिषदका सदस्यहरू मध्येबाट तीनजनाको समाधिक्षकहरूको एउटा समुह गठन गरिएको हुन्छ । जसलाई ट्रोइका भनिन्छ । ट्रोइकाका ३ जना सदस्यहरू संयुक्त राष्ट्रसंघद्वारा निर्धारण गरिएका छुट्टाछुट्टै क्षेत्रीय समुहबाट प्रतिनिधित्व हुने गरी छनोट गरिएको हुन्छ । ट्रोइकाले समीक्षा हुने राष्ट्रहरूको सम्वन्धमा अग्रिम प्रश्नहरूसमेत संकलन गरी सचिवालय मार्फत सम्वन्धित राष्ट्रहरूमा पठाउने कार्य समेत गर्दछ । कार्यसमुहको अर्न्तक्रिया सम्वादमा यो समूहको कुनै भूमिका हुदैन । यसले निष्कर्ष (Outcome Report) प्रतिवेदन तयार गर्ने कार्य समेत गर्दछ ।

**(ग) समीक्षा अन्तर्गतको राज्य सम्वन्धी कार्य समूहको निष्कर्ष दस्तावेज :**

समीक्षा हुने राज्यको अन्तर्क्रियात्मक सम्वाद पश्चात ट्रोइका अन्तर्गतका समाधिक्षकहरूले सचिवालयको सहायतामा समीक्षा अन्तर्गतको राज्यको पूर्ण सहाभागितामा समीक्षा सम्वन्धी निस्कर्ष दस्तावेज तयार गर्दछन । उक्त दस्तावेजमा विचार विमर्श गर्न र त्यसलाई पारित गर्न समीक्षा

भएको राष्ट्रलाई समीक्षा भएको ४८ घण्टामा नवढाई ३० मिनेटको समय दिइएको हुन्छ । आफ्ना कुराहरूमा  सुधार गर्न राज्यहरूलाई दुई हप्ताको समय दिई प्रतिवेदन अस्थायी रूपमा पारित गरिन्छ ।

निष्कर्ष दस्तावेजका सिफारिसहरू तथा निष्कर्षहरू माथि सहमति वा असहमति जनाउन कार्य समूहको बैठकमा, कार्यसमूहको बैठक र परिषदको आगामी सत्र बीचको समयमा र दस्तावेज पारित गर्न वस्ने परिषदको बैठकमा) समीक्षा हुने राष्ट्रलाई अवसर प्रदान गरिएको हुन्छ ।

### घ) अन्तिम दस्तावेज

माथि उल्लेख गरिएको चरण पश्चात समीक्षा हुने राष्ट्रको निष्कर्ष, दस्तावेजका निष्कर्ष र सिफारिसहरूलाई अन्तिम रूप दिई औपचारिक रूपमा पारित गर्न मानव अधिकार परिषदमा पठाइएको हुन्छ । उक्त दस्तावेज माथि परिषदको नियमित बैठकमा एक घण्टाको समय दिएर विचार विमर्श गरी पारित गरिन्छ ।

अतः यसरी मानव अधिकार परिषदद्वारा पारित गरिएको अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयन गरिनु समीक्षा हुने हरेक राष्ट्रको कर्तव्य हुन्छ ।

## ६. यू.पी.आर. प्रक्रिया र सरकारको भूमिका

यू.पी.आर. मा पेश गरिने ३ वटा दस्तावेजहरूमा राष्ट्रिय प्रतिवेदन महत्वपूर्ण दस्तावेज हो । नेपाल सरकारले पठाउनु पर्ने दस्तावेजको तयारीको सिलसिलामा सरकारले बृहत रूपमा सम्वन्धित पक्षहरूसँग छलफल तथा परामर्श गर्नु पर्दछ । उक्त क्रममा सरकारले राष्ट्रिय मानव अधिकार आयोग लगायत मानव अधिकार सम्वन्धि राष्ट्रिय संयन्त्रहरू, मानव अधिकारको क्षेत्रमा कार्यरत गैरसरकारी संघ संस्थाहरू, नागरिक समाज, सरकारका विभिन्न अंग तथा निकायहरूसँग बृहत रूपमा छलफल तथा परामर्श गरी मानव अधिकारको वास्तविक अवस्था समावेश हुने प्रतिवेदन तयार गरी पेश गर्नु पर्दछ । सरकारको तर्फबाट पेश हुने राष्ट्रिय प्रतिवेदन २० पेज भन्दा वढिको हुनु हुदैन । यू. पी. आर. को प्रक्रियामा सरकारको भूमिका प्रमुख

रहको हुन्छ । यू. पी. आर. प्रक्रियाको चरण पार गरिसकेपछि पारित गरिएको प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको इमान्दारीका साथ पालना गरिनु पर्दछ । सो प्रक्रियामा परिषदका सदस्य तथा अन्य पर्यवेक्षक राष्ट्रहरूले दिएका सुझाव तथा सिफारिसहरूलाई स्विकार गर्ने वा नगर्ने पूर्ण अधिकार सरकारलाई हुनेछ ।

## ७. यू.पी.आर. र राष्ट्रिय मानव अधिकार आयोग :

मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा यसको प्रभावकारी कार्यान्वयन गर्ने उद्देश्यले मानव अधिकार आयोग ऐन, २०५३ द्वारा स्थापना भै संवैधानिक निकायको रूपमा परिणत भएको राष्ट्रिय मानव अधिकार आयोगले यू.पी.आर. प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्तछ ।

राज्य पक्ष भएका विभिन्न सन्धिहरूको सम्वन्धमा राज्यले सम्वन्धित सन्धिजनित निकायहरूमा पेश गर्ने आवधिक राष्ट्रिय प्रतिवेदनहरूमा आवश्यक सूचनाहरू संलग्न गर्नको लागि संवैधानिक अधिकार अर्न्तगत सरकारलाई सुझाव दिनु आयोगको प्रमुख कर्तव्य मध्ये एक हो । जसले गर्दा यू. पी. आर. प्रक्रियामा समाविष्ट हुने प्रतिवेदनहरूमा समेत सहि र वास्तविक सूचनाहरू समाविष्ट हुन सक्तछ ।

राष्ट्रिय मानव अधिकार आयोगले देशको मानव अधिकारको अवस्थाबारे स्वतन्त्र, विश्वसनीय र अध्यावधिक सूचनाहरू संकलन गरी यू. पी. आर. को राष्ट्रिय प्रतिवेदन तयारीको सम्वन्धमा सरकारलाई सूचना दिने वा आफ्नो छुट्टै प्रतिवेदन पेश गर्न सक्तछ । राष्ट्रिय मानब अधिकार आयोगको नेतृत्वमा यस अघिका समीक्षाहरूमा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग समेतको सहभागितामा राष्ट्रिय मानब अधिकार सम्बन्धी संयन्त्रहरूको तर्फबाट छुट्टै प्रतिबेदन पेश गरिएको थियो र आगामी समीक्षामा पनि बिगत बर्षहरू झैं राष्ट्रिय मानब अधिकार आयोगको नेतृत्वमा मानब अधिकार सम्बन्धी उल्लिखित संबैधानिक आयोगहरूको समेत सहभागितामा एक छुट्टै प्रतिबेदन पेश गरिने छ। उक्त प्रतिबेदन तयारीको क्रममा आयोगले सम्बन्धित सरोकारवाला निकायहरूसँग ब्यापकरूपमा परामर्श र अन्तरक्रिया गरी देशको

वास्तविक मानव अधिकारको अबस्थाहरूको सूचनाहरूको आधाारमा मानव अधिकार अवस्थाको प्रतिवेदन पेश गर्नेछ ।

## ८. यू.पी.आर. प्रक्रियामा आयोगले खेल्न सक्ने भूमिका

### क) प्रतिवेदन तयारीको अवस्थामा

- राज्यको तर्फबाट पेश गरिने राष्ट्रिय प्रतिवेदन तयारीको सम्वन्धमा सम्पन्न गरिने परामर्श एवं छलफल कार्यक्रमहरूमा भाग लिई सूचना प्रदान गर्ने ।
- वास्तविक, भरपर्दो, स्वतन्त्र र अद्यावधिक सूचना सङ्कलन गर्नको लागि अन्य आयोगहरू, नागरिक समाज, मानवअधिकार क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरू, व्यवसायिक संगठनहरू, अनुसन्धानकर्ताहरू, राज्यका विभिन्न निकायहरू आदिसंग परामर्श तथा छलफल गरी सूचना सङ्कलन गर्ने ।
- संङ्कललित सूचनाहरू र आयोगका नियमित क्रियाकलापहरूबाट प्राप्त सूचनाहरको आधारमा आयोगको तर्फबाट छुट्टै प्रतिवेदन तयार गरी पेश गर्ने ।
- यू.पी.आर. प्रक्रियाको सम्वन्धमा सरोकारवाला पक्षहरूलाई जानकारी उपलब्ध गराउने तथा क्षमता अभिबृद्धि गर्ने ।

### ख) यू.पी.आर. समीक्षाको चरणमा

- समीक्षाको क्रममा कार्यगत समूहको अर्न्तक्रियात्मक संवादमा पर्यवेक्षकको रूपमा सहभागी हुने ।
- मानव अधिकार परिषदबाट अन्तिम प्रतिवेदन पारित हुनुपूर्व सामान्य टिप्पणी प्रदान गर्ने ।
- समीक्षाको क्रममा उठेका सवाल तथा प्रश्नहरूको सम्वन्धमा राज्यलाई पृष्ठपोषण प्रदान गर्ने ।
- अन्तिम प्रतिवेदनको सम्वन्धमा अनौपचारिक छलफलमा भाग लिने ।

### ग) पारित प्रतिवेदनको पालनाको क्रममा

- यू.पी.आर. प्रक्रिया पश्चात मानव अधिकार परिषदबाट पारित अन्तिम प्रतिवेदनका निष्कर्ष तथा सिफारिसहरूको पालन गर्न गराउन सरकारलाई सुझाव दिने ।
- प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको कार्यान्वयनको अवस्थाबारे अनुसन्धान तथा अनुगमन गर्ने ।
- अनुगमन तथा अनुसन्धानबाट प्राप्त सूचनाको आधारमा आवश्यक कार्यहरू गर्न सरकारलाई सचेत गराउने ।
- अन्तिम प्रतिवेदनको निष्कर्ष तथा सिफारिसहरूको सम्वन्धमा सरोकारवाला पक्षहरूलाई जानकारी दिने ।

## ९. यू.पी.आर. प्रक्रियामा नागरिक समाज तथा अन्य गैर सरकारी संघ संस्थाहरूको भूमिका :

- राज्यद्वारा तयार गरिने राष्ट्रिय प्रतिवेदन तयारीको क्रममा वृहत्तर रूपमा सहभागी भै सरकारलाई सुझाव दिने ।
- राज्य पक्षभएका सन्धिहरूको सन्धिजनित निकाय र विशेष कार्यविधिहरूमा यू.पी.आर.लाई समेत सहयोग पुग्ने गरी बास्तविक र विश्वसनीय सुझाव तथा सूचना प्रदान गर्ने ।
- यू.पी.आर. सम्वन्धमा विभिन्न खालका परामर्श गोष्ठि तथा छलफलहरू गरी सहि सूचना संङ्कलन गरी सम्वन्धित निकायमा दिने ।
- मानव अधिकार परिषदद्वारा पारित दस्तावेजको पालना भए नभएको वारेमा सरकारलाई सचेत गर्ने र जनदवाव दिने ।

यसका अलवा मानव अधिकारका विविध विषयगत क्षेत्रमा काम गरेका गैरसरकारी संघसंस्थाहरूले आफूले काम गरेको क्षेत्र र विषयको वारेमा मात्र पनि सूचना तथा जानकारी प्रदान गर्न सक्तछन् । गैरसरकारी संस्थाको

तर्फबाट समेत यू.पी.आर. प्रक्रियामा समाविष्ट हुने गरी प्रतिवेदन तयार गरी संयुक्त राष्ट्रसंघिय उच्चायुक्तको कार्यालयमा पेश गर्न सक्तछन् ।

## १०. विश्वव्यापी आवधिक समीक्षा (UPR) र नेपाल :

मानव अधिकारको अवस्थाको सम्वन्धमा संयुक्त राष्ट्रसंघका १९३ वटै सदस्य राष्ट्रहरूको आवधिक रूपमा समीक्षा गर्ने मानव अधिकार परिषद अन्तर्गतको एक संयन्त्र यू.पी.आर.मा नेपाल पनि सदस्य राष्ट्रको हैसियतले समीक्षा हुनु अनिवार्य छ । सो अनुसार २०११ मा नेपालको मानब अधिकारको अबस्थाको बारेमा पहिलो चक्रको समीक्षा भएको थियो । उक्त समीक्षामा नेपालको मानव अधिकारको सम्बन्धमा ५५ वटा राष्ट्रहरूले टिप्पणी गरि १३५ वटा सिफारिशहरू दिएका थिए । यी १३५ वटा सिफारिसहरू मध्ये नेपालले १२० वटालाइ स्वीकार गरेको र बाँकि १५ वटालाई स्वीकार गरेको थिएन । यसै गरी सन् २०१५ मा नेपालको मानव अधिकारको अवस्था बारे दोश्रो चक्रको समीक्षा भएको थियो । उक्त दोश्रो समीक्षाको क्रममा ७३ वटा देशहरूले नेपालको मानव अधिकारको अबस्थामा टिप्पणी गरी १९५ वटा सिफारिशहरू गरेका थिए । जसमध्ये नेपालले १५२ वटा सिफारिशहरूलाई स्वीकार गरेको थियो भने बाकी ४३ वटालाई स्वीकार गरेको थिएन । यसै गरी आगामी २०२० को नोबेम्बरमा नेपालको  तेश्रो चक्रको समीक्षा हुँदैछ । सो बमोजिम नेपालको तर्फबाट राष्ट्रिय प्रतिवेदन पेश गर्नु पर्दछ । नेपाल हाल मानव अधिकार परिषदको सदस्य राष्ट्र रहनुले पनि तेश्रो चक्रको समीक्षाको विशेष महत्व छ ।

नेपाललाई दोस्रो चरणको विश्वव्यापी आवधिक समीक्षा मार्फत ७३ देशले दिएका १५२ वटा सिफारिसहरूको कार्यान्वयन सम्बन्धमा नेपाल सरकारले १८ वटा विषयगत क्षेत्रमा विभाजन (Clustering) गरी कार्ययोजना बनाएको छ । उक्त कार्ययोजनाका विषयहरू र सिफारिस गर्ने देशहरूको नाम निम्न बमोजिम रहेका छन् ।

१. **शिक्षा :-** (Norway, Cuba, Turkey, Slovakia, Maldives, Qatar, Sri Lanka, Israel, Afghanistan, Finland, Thailand, Namibia, Indonesia, Singapore, Venezuela)

२. **स्वास्थ्या, पोषण तथा जनसंङ्ख्या :-** (Venezuela, Cuba, Singapore, Thailand, Maldives, Srilanka, Israel, New Zealand )

३. **श्रम तथा रोजगारी :-** (USA, Poland, South Africa, Finland, Australia)

४. **संस्कृति :-** (Mexico, Algeria)

५. **कानूनी सुधार र न्याय प्रशासन (कानूनको निर्माण र सुधार तथा अदालत) :-** (Republic of Korea, Poland, Egypt, China, Holy See, Italy, India, France, Azerbaijan, Slovakia, Colombia, Germany, Norway, New Zealand, Denmark, Switzerland, UK, Slovenia, Japan, Hungary, Turkey, Sweden, Austria, France, Slovakia, Sierra Leo"ne, TimorLeste, Portugal, Uganda ,Spain, Slovenia, USA ,Czech Republic, USA, Esto"nia, Ireland, Bo"tswana, Estonia, Cyprus, Canada, Netherlands, Belgium, ,Slovenia, Egypt, Haiti, Hungary)

६. **वातावरण र दिगो विकास :-** (Myanmar, Azerbaijan Maldives, Philippines, Colombia)

७. **महिला, अपाङ्गता, जेष्ठ नागरिक र यौनिक तथा लैङ्गिक अल्पसङंख्यक :-** Philippines, Chile, Venezuela, Lao PDR, Sweden, Botswana, Singapore, Palestine, New Zealand, No"rway, Azerbaijan, Nicaragua, Slo"venia, Malaysia, Uganda, Israel, France, Mauritius, Timor-Leste, Pakistan, Norway, Spain, Azerbaijan, Australia, Mexico", France, Czech Republic, Thailand, Brazil, Japan, Bhutan, Malaysia, Germany, Netherlands, Canada, Egypt, Panama

८. **नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयनः-** Pakistan, Japan, Norway, Paraguay, Portugal, Ukraine, Lao PDR, Qatar, Ghana, France, Philippines, Myanmar, Spain, Brazil, Panama, Cyprus, Austria, New Zealand, Maldives, German

९. **खाद्यसुरक्षा र खाद्य सम्प्रभुता :-** Hungary, Ireland, Brazil

१०. **सङक्रमणकालिन न्याय र द्वन्द्वपीडितः-** Canada, Denmark, Switzerland, Belgium, New Zealand, Czech Republic, India, Costa Rica, Switzerland, Egypt, Moldova, Austria, Holy See, Vietnam, Pakistan, Singapo"re, Bhutan, Yemen, Uruguay

११. **मानव अधिकार शिक्षा :-** (Cuba, Paraguay, Djibouti, Morocco, New Zealand, Saudi Arabia, Viet Nam)

१२. **समावेशी विकास :-** क) आदिवासी/जनजाति तथा सीमान्तकृत वर्ग, ख) दलित ग) पीछडिएको वर्ग/क्षेत्र घ) वादी :- Thailand, Japan, Germany, Pakistan, Argentina, Myanmar, UK, Sweden, Netherlands, Paraguay, Denmark, Switzerland, Czech Republic, Namibia, Bolivia, Austria, Sweden, Argentina, Ukraine, Ukraine, USA, Malaysia, Cuba

१३. **बालबालिका (बालबालिकाको अधिकार संरक्षण, विकास र बाल न्याय) :-** Botswana, Belgium, Azerbaijan, Lao PDR, Hungary, Slovakia, Canada, Austria, Estonia, Namibia, Spain, Slovenia, Djibouti, Russian Federation, Bhutan, Spain, Poland, Chile, Maldives, Algeria, Slovakia

१४. **आवास (सहरी विकास र आवास) :-** Morocco, Singapore, Finland

१५. **सामाजिक सेवा र सुरक्षा (खानेपानी, बिजुली, सरसफाई, ढल निकास, प्राकृतिक स्रोत साधनको प्रयोग, सहकारी, गरिबी, खेलकुद, सडक प्रयोग आदि) :-** (Bhutan, Cambodia, Azerbaijan, Malaysia, Venezuela, Bangladesh, China, Cuba, Malaysia, Morocco, Algeria, Bolivia, Cambodia, Azerbaijan, Russian Federation, Pakistan, Morocco)

१६. **सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस कार्यान्वयन :-** Canada, USA

१७. **हिरासत तथा कारागार सुधार :-** Sweden, Sierra Leone

१८. **संस्थागत सुदृढीकरण:-** Myanmar, Australia, Egypt, India, Bolivia, Republic of Korea, India, Portugal, Canada, France, Norway, Slovenia, Egypt, Philippines, China, Russian Federation, Sri Lanka, Lao PDR, Viet Nam

## समाप्त

## राष्ट्रिय मानव अधिकार आयोग

केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर

इमेल : nhrc@nhrcnepal.org
फोन : ०१-५०१००१५/१६/१७/१८
वेबसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७४
हटलाइन : ०१-५०१००००

**प्रदेश १, विराटनगर**
फोन नं. : ०२१-४६१९३१/४६१०९३
फ्याक्स : ०२१-०२१-४६११००

**प्रदेश २, जनकपुर**
फोन नं. : ०४१-५२७८११/५२७८१२
फ्याक्स : ०४१-५२७२५०

**प्रदेश ३, सानेपा**
फोन नं. : ०१-५५३०३६२
फ्याक्स : ०१-५५२९१७२

**गण्डकी प्रदेश, पोखरा**
फोन नं. : ०६१-४६२८११/४६३८२२
फ्याक्स : ०६१-४६५०४२

**प्रदेश ५, बुटवल**
फोन नं. : ०७१-४१०१७५
फ्याक्स : ०७१-४१०१७६

**सुदुर पश्चिम प्रदेश, धनगढी**
फोन नं. : ०९१-५२५६२१/२२
फ्याक्स : ०९१-५२५६२३

**प्रदेश १ (शाखा), खोटाङ्ग**
फोन नं. : ०३६-४२०२८४
फ्याक्स : ०३६- ४२०२८४

**प्रदेश ५ (शाखा), नेपालगञ्ज**
फोन नं. : ०८१-५२६७०७/०८
फ्याक्स : ०८१-५२६७०६

**कर्णाली प्रदेश (शाखा), जुम्ला**
फोन नं. : ०८७-५२०२२२
फ्याक्स : ०८७-५२०२२२